नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७८ माघ महिनाको कार्यसम्पादन सम्बन्धी सार्वजनिक जानकारी-पत्र

**वर्ष-२ अंक-७**

### १. परिचय

नेपाल सरकारको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरुप बाल अधिकारको संरक्षण र सम्वर्धनका कार्यहरु गर्न गराउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद् गठन गरेको छ । यस परिषद्ले तिनै तहका सरकारहरुलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरु तथा बाल संरक्षण प्रणाली (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र सम्वर्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य गर्नुका साथै संघीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरु गर्ने परिषद्को जिम्मेवारी रहेको छ ।

### २. उद्देश्यहरू:


परिषद्को मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र सम्वर्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रचारप्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

### ३. परिषद्ले २०७८ माघ महिनामा सम्पादन गरेका कार्यहरू

#### बालसंरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर माघ महिनामा हराएका, उजुरी परेका ३०३ जना (बालक ७१ र बालिका २३२) बालबालिकाको खोजतलास गरी १३५ जना (बालक २९ र बालिका १०६) बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ भने १६८ जना बालबालिका (बालक ४२ र बालिका १२६)को खोजतलास कार्य जारी रहेको छ । यस महिनामा प्रदेशगत रूपमा हराएका र हराएर फेला परेका बालबालिकाको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यसका साथै यस आर्थिक वर्षमा हराएको उजुरी परेका बालबालिका निरन्तर खोजी प्रक्रियाका क्रममा थप १३१ (बालक ३६ र बालिका ९५) जना बालबालिका थप फेला परी परिवारमा पुनःस्थापना गरिएको छ । त्यसैगरी वेवारिस अवस्थामा २७ जना (बालक २२ र बालिका ५) बालबालिका फेला परेका थिए । जसमध्ये १२ (बालक १० र बालिका २) जना बालिकालाई पारिवारिक पुनर्मिलन गरिएको छ भने १५ (बालक १२ र बालिका ३)जना बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ ।



ख) यस महिनामा १४ जना (बालक ९ र बालिका ५) सडक बालबालिकाको उद्धार गरिएको छ । यी बालबालिकाको परिवारको खोजीकार्य सूचारु रहेको छ भने हाल माघ महिनामा उद्धार गरिएका १ बालिकालाई परिवारमा पुनर्स्थापना गरिएको छ भने १३ जना बालबालिकालाई संरक्षण गृहमा व्यवस्थापन गरिएको छ । गत आर्थिक वर्षमा र यस आर्थिक वर्षको साउनदेखि मंसिर महिनासम्म सडकबाट उद्धार गरिएका मध्ये ३ (बालक १ र बालिका २) जना बालबालिकालाई पौष महिनामा परिवारमा पुनर्मिलन गरिएको छ ।

(ग) परिषद्ले विभिन्न १२ वटा सामाजिक संस्थाको सहकार्यमा सञ्चालित १८ वटा स्थानबाट बाल हेल्पलाईन नं. १०९८ मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, व्यवस्थापन तथा निरन्तर सहयोग हुँदै आइरहेको छ । जस अनुसार कैलाली १०, बाँके ६, सुर्खेत १८, कालिकोट ४, कास्की २, बारा १०, धनुषा ४, उदयपुर २, रुपन्देशी ५, मकवानपुर १५, सुनसरी ४, मोरङ्ग ४, काठमाडौंबाट ९, इलाम १ र संखुवासभाबाट १ जना गरी जोखिम, हिंसा तथा दुर्व्यवहारमा परेका कूल ९५ जना (बालक ४१ र बालिका ५४) बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये ५७ जना बालबालिका (बालक २१ र बालिका ३६)लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस महिना ३४ जना (बालक १९ र बालिका १५)लाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ भने ४ जना (बालक १ र बालिका ३)लाई संस्थागत संरक्षणमा बस्ने व्यवस्था मिलाईएको छ । चालु आ.व.को माघ मसान्तसम्म कुल ५४३९ जना बालबालिका (बालक २१९१ र बालिका ३२४८)लाई निम्न लिखित सेवाहरू प्रदान गरिएको छः-

| **क.स.** | **सहयोगको विवरण** | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | **स्वास्थ्य उपचार सहयोग** | १०३ | २०९ | ३१२ |
| २ | मनोसामाजिक मनोविमर्श | ६२२ | ७७४ | १३९६ |
| ३ | पारिवारिक परामर्श | ५५५ | ८१९ | १३७४ |
| ४ | अल्पकालिन आश्रय वा अस्थायी संरक्षण सेवा | २१७ | ३०७ | ५२४ |
| ५ | कानूनी परामर्श | १३१ | ३५८ | ४८९ |
| ६ | शैक्षिक सहयोग | २२३ | २६६ | ४८९ |
| ७ | आयआर्जन सहयोग | ७ | ७ | १४ |
| ८ | बाल विवाह रोकथाम सहयोग | २५ | १०३ | १२८ |
| ९ | अन्य सहयोग | ३०८ | ४०५ | ७१३ |
| | जम्मा | २१९१ | ३२४८ | ५४३९ |

(घ) यस महिनामा परिवार तथा अभिभावक भएका बालबालिकालाई पारिवारिक लेखाजोखा गरी परिवारमा नै पुनर्स्थापना गर्ने कार्य अन्तर्गत परिषद्सँगको समन्वयमा परिवारमा फर्कने वातावरण भएका ३ वटा बालगृहका ९ जना (१ बालक र ८ बालिका) बालबालिकालाई बालगृहहरुले पारिवारिक पुनर्स्थापना गरेका छन्। यसका साथै यस महिनामा १ बालगृह बन्द भएको छ ।

(ङ) यस महिनामा विभिन्न कारणले समस्यामा परेका ७ (५ बालक र २ बालिका)लाई मनोविमर्श, शैक्षिक सहयोग तथा अस्थायी संरक्षणको व्यवस्था मलाईएको छ भने हिंसामा परेकी एक बालिकालाई कानूनी उपचार तथा मनोविमर्श सेवाका निम्ति अस्थायी संरक्षणको व्यवस्था मिलाइएको छ । यसै गरी यस महिनामा ४ जना बालबालिकाको जन्म दर्ता बनाउनको लगि सहजीकरण गरिएकोमा ३ जनाको जन्मदर्ता बनेको छ ।

## ४· समन्वय, अभिमूखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू

(क) राष्ट्रिय बाल अधिकार परिषद्ले आसन्न निर्वाचनमा बाल अधिकार संरक्षण तथा संवेदनशीलता प्रवर्द्धन सम्बन्धमा निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त मा. श्री दिनेशकुमार थपलीयासँग छलफल गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ अन्तर्गत स्थापना भएको बाल अधिकार संरक्षण र सम्वर्धनका लागि कार्यरत विशिष्टीकृत राष्ट्रिय निकायको रुपमा रहेको परिषद्ले आसन्न स्थानीय तहको निर्वाचन लगायत आगामी वर्ष हुने प्रदेश र प्रतिनिधिसभाको निर्वाचनहरुमा बालबालिकालाई दलगत राजनीतिमा कुनै पनि परिस्थितिमा संलग्न नगराउने व्यवस्थाको सुनिश्चितताका लागि यो छलफल गरेको हो ।

**उक्त छलफलका क्रममा** बालबालिकालाई लोकतन्त्र र निर्वाचनको महत्वबारे जानकारी गराउने, निर्वाचनमा हुने अवाञ्छित दलगत राजनीतिक प्रयोगबाट बालबालिकालाई जोगाउनु पर्दछ । निर्वाचन आचारसंहिता तथा निर्वाचन सम्बन्धी कानूनहरुमा बालबालिकाको दलगत प्रयोगको स्पष्ट परिभाषा गर्ने र सो कार्यलाई निषेधित गर्ने व्यवस्था गर्ने । निर्वाचनमा खटिने कर्मचारी, पर्यवेक्षक लगायतको प्रशिक्षणमा निर्वाचनमा बालबालिकाको प्रयोग र निषेध गरिएका विषयमा समेत प्रशिक्षण सञ्चालन गर्ने । निर्वाचन कार्यालयहरुमा बालबालिकाको प्रयोग विषयमा उजुरी लिने र तत्काल कारवाहीको व्यवस्था गर्नका लागि आवश्यक व्यवस्थापन गर्ने । बालबालिका विरुद्ध कसुर गरेका व्यक्तिलाइ उम्मेदवार हुनबाट रोक्ने तथा निर्वाचन पर्यवेक्षणमा बालअधिकार अनुगमन गर्नका लागि राष्ट्रिय बालअधिकार परिषदबाट सिफारिस भएका पर्यवेक्षकहरुलाई निर्वाचन आयोगले पर्यवेक्षकको पहिचान दिने र उनीहरुबाट हुने पर्यवेक्षणका

लागि सवारी पास लगायतका आवश्यक व्यवस्था गरिदिने उल्लेख छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकालाई दलगत राजनीतिक गतिविधिमा संलग्न गराउनु बालबालिका विरुद्धको कसुर मानेको लगायतका विषयवस्तुलाई प्राथमिकताका साथ सुझावको रुपमा प्रस्तुत गरिएको थियो ।




(ख) मिति २०७८ माघ १३ गते नगर बाल अधिकार समिति सूर्योदय नगरपालिकाको आयोजना र राष्ट्रिय बाल अधिकार परिषदको सहजीकरणमा नगरका १४ वटै वडा, बाल अधिकार समितिका पदाधिकारी तथा नगरका विषयगत शाखाहरूलाई बाल अधिकार तथा बालमैत्री स्थानीय शासनका विषयमा अभिमूखीकरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा २० जनाको सहभागिता रहेको थियो ।



(ग) मिति २०७८/१०/१२ गते नगर बाल अधिकार समिति, सूर्योदय नगरपालिका ईलामको आयोजना, राष्ट्रिय बाल अधिकार परिषद्, बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ विराटनगरको सहजीकरण, बालहेल्पलाईन नं.१०९८ ईलामको समन्वयमा सूर्योदय नगरपालिकालाई बालश्रममुक्त नगरपालिका बनाउने कार्यक्रम अन्तरगत नगरक्षेत्रका होटलहरूको अनुगमन कार्यक्रम सम्पन्न भयो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री मिलन भट्टराई ले होटल मण्डला ईलाममा मेरो होटलमा बालश्रम छैन भन्ने स्टिकर टाँस गरी अनुगमनको शुभारम्भ गर्नुभएको थियो । कार्यक्रममा फिक्कल बजारमा रहेका ८२ वटा होटलको अनुगमन गरी स्टिकर टाँस गरी प्रतिवद्धता जनाएको थियो ।



(घ) मिति २०७८ माघ ३ र ४ गते महालक्ष्मी नगरपालिकाको आयोजना र राष्ट्रिय बाल अधिकार परिषदको सहजीकरणमा नगरपालिकाको बालबालिका सम्बन्धी कार्यविधि निर्माण, बालकल्याण अधिकारीको व्यवस्था र बाल अधिकार समिति गठन विषयमा अभिमूखीकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा नगरपालिकाका सम्पूर्ण कार्यपालिकाका पदाधिकारीहरू सहित १७ जनाको सहभागिता रहेको थियो ।




(च) परिषद्ले सञ्चालन गरेको अनुशिक्षण, मन्त्रालयको परिपत्र पश्चात र स्थानीय तहसँगको निरन्तर अन्तरक्रियाबाट स्थानीय तहमा हालसम्म बाल अधिकारको कार्यन्वयनका लागि २४२ वटा स्थानीय तहमा बाल संरक्षण कार्यविधि निर्माण गरी लागू गरिएको छ। यसैगरी १७६ स्थानीय तहमा बाल अधिकार समिति गठन भएको छ । यसका साथै ९८ स्थानीय तहमा बालकल्याण अधिकारी तोक्ने तथा नियुक्त गर्ने कार्य भएको छ भने विभिन्न विपद् र महामारीमा आपतकालीन उद्धार तथा सहायता प्रदान गर्नका लागि १७१ स्थानीय तहमा बालकोष स्थापना गरी आवश्यकता अनुसार परिचालन भएको छ ।


| बालबालिका सम्बन्धी ऐन २०७५ मा भएका व्यवस्थाहरुको कार्यान्वयनको अवस्था | | | | |
|---|---|---|---|---|
| प्रदेश | बाल अधिकार समिति | बालकोष | बाल कल्याण अधिकारी | बाल संरक्षणा तथा संवर्द्धन कार्यविधि |
| प्रदेश नं १ | ३० | ३० | १४ | ६६ |
| मधेश | ३० | १० | २५ | ३६ |
| बागमती | ५६ | ६३ | २४ | ६६ |
| गण्डकी | १३ | १५ | ७ | ११ |
| लुम्बिनी | १० | १५ | ५ | १६ |
| कर्णाली | २२ | १६ | १६ | २४ |
| सुदूरपश्चिम | १५ | २२ | ७ | २३ |
| जम्मा | १७६ | १७१ | ९८ | २४२ |


## ५. कोभिड महामारी सम्बोधनका क्रममा सञ्चालित विशेष कार्यक्रम

क) कोभिड महामारीको प्रभाव कम गर्नका लागि हाल नेपाल सरकारले १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकालाई खोप उपलब्ध गराउने कार्यले निरन्तरता पाइरहेको छ । यसका साथै परिषद्का तर्फबाट कोभिड महामारीमा प्रभावित तथा सङ्क्रमित बालबालिकाको पहिचान, दूर मनोविमर्श, सेवा तत्काल बाल संरक्षण तथा बाल संवेदनशील सेवा प्रवाहका लागि **कोभिड सङ्कट बालबालिका सहायता स्वास्थ्य स्वयम्सेवी समूह** गठन गरी सातै प्रदेशमा परिचालन समेत गरिएको छ ।उक्त समूहद्वारा १८५ जना बालबालिकालाई गत तीन महिना (मंसिर, पौष र माघ) मा कोभिडका कारणा समस्या परेमा कसरी उपचार गर्ने भन्ने विषयमा दूर परामर्श लगायतका सेवा प्रवाह गरिएको छ ।

ख) कोभिड–१९ को महामारी शुरू भएदेखि २०७८ पौष मसान्तसम्म २० वर्षसम्मका ८५ हजार ८ सय ९३ जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका २२ हजार १ सय ६ जना बालबालिका (बालक १२८९१ र बालिका ९२१५) प्रभावित भएको देखिन्छ । कोभिडको पहिलो भेरियन्टका कारण ३८ जना र दोस्रो भेरियन्टका कारण ५१ गरी जम्मा ८९ जना बालबालिकाको कोभिडका कारण ज्यान गुमाउनु परेको छ । कोभिडका कारण प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ ।








| कोरोनाको तेस्रो लहर | |
|---|---|
| मिति | संक्रमित बालबालिका |
| १ जनवरीदेखि १२ जनवरीसम्म (माघ महिना) | ३८६५ |

### सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ई-पोर्टल र विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका १० वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी सोको विश्लेषण गरिएको छ । यस सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यस अवधीमा विभिन्न सञ्चार माध्यममा आएका बालबालिकाको अधिकार उल्लंघन तथा हिंसा एवं जोखिम सम्बन्धी समाचारहरूको आधारमा परिषद्ले सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यकता अनुसार स्थानीय तह, प्रहरी प्रशासन, बाल हेल्पलाइन १०९८,

बालबालिका खोजतलास केन्द्र (१०४), श्रम कार्यालय लगायतका सरोकारवाला निकायसँग समन्वय गरी घटना व्यवस्थापनमा सहजीकरण गरिएको छ ।




*राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीतियोजना तथा सञ्चालित , ,कार्यक्रमहरूको बारेमा थप सूचना जानकारीको लागिपरिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।*


रामबहादुर चन्द

सूचना अधिकारी

राष्ट्रिय बाल अधिकार परिषद्

सम्पर्क नं (कार्यालय) ५५५०१२१-०१ .

९८४१३८६८७१ म)ो(.

इमेल:- ram@ncrc.gov.np, rambdrchand@gmail.com, contact@ncrc.gov.np

वेवसाइट:-www.ncrc.gov.np,

ई-पोर्टल:- www.childrights.gov.np

Facebook:- https://www.facebook.com/ncrc.nepal.5, https://www.facebook.com/ncrcnepalgov

Twitter:- https://twitter.com/ChildNcrc